# नेपाल राष्ट्र बैंक
## मौद्रिक व्यवस्थापन विभाग
## बालुवाटार, काठमाडौं

### २०७८ मंसिर २३ गते रु.२० अर्बको २०७९ असार मसान्तसम्म भुक्तानी मिति भएका नेपाल सरकारका ट्रेजरी बिल्स सोझै खरिद बोलकबोलको सूचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवम् शर्तहरु कायम गरी सोझै खरिद बोलकबोलमार्फत् नेपाल सरकारको ट्रेजरी बिल्स खरिद गर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) उपकरणको नाम : सोझै खरिद बोलकबोल (नेपाल सरकारको ट्रेजरी बिल्स) ।
   (ख) आह्वान रकम : रु. २० अर्ब (बीस अर्ब रुपैयाँ मात्र) ।
   (ग) बोलकबोल मिति र समय : २०७८ मंसिर २३ गते विहिबार दिनको २:०० बजेसम्म ।
   (घ) खरिद मिति : २०७८ मंसिर २४ गते शुक्रबार ।
   (ङ) बोलकबोल : **https://obss.nrb.org.np/pd** मार्फत् मात्र गर्नुपर्ने ।

२. काउण्टरपार्टीले बिक्री गर्न चाहेको तोकिएको भुक्तानी मिति भएका नेपाल सरकारका ट्रेजरी बिल्सको सिरिज नं. र परिमाण उल्लेख गर्नु पर्नेछ ।

३. काउण्टरपार्टीले बिक्री गर्न चाहेको ट्रेजरी बिल्सको परिमाणको मूल्यमा बोलकबोल गर्नु पर्नेछ । (उदाहरण: रु. १०० को ट्रेजरी बिल्स कति मूल्यमा विक्री गर्ने हो सो रकम बोल गर्नुपर्ने)

४. काउण्टरपार्टीले बिक्री गर्न चाहेको नेपाल सरकारको ट्रेजरी बिल्सको परिमाण रु. १ करोड वा रु. १ करोडले भाग लाग्ने दरले खरिद आव्हान गरेको रकमसम्म बोलकबोल गर्न सक्नेछन् । तर एउटा सिरिजको ट्रेजरी बिल्सका लागि एउटा मात्र बोलकबोल गर्नुपर्नेछ ।

५. सोझै खरिद बोलकबोलको रकम बाँडफाँड गर्दा बोल बमोजिमको वार्षिक प्रतिफल दर (Yield Rate) गणना गरी सबभन्दा बढी प्रतिफलदर (Yield Rate) बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमश: बाँडफाँड गरिनेछ । तर समान वार्षिक प्रतिफल दर (Yield Rate) भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो दरको बोल रकमलाई समानुपातिक रूप (Pro-rata Basis)मा बाँडफाँड गरिनेछ ।

६. बोलकबोलमा संलग्न काउण्टरपार्टीले २०७८ मंसिर २३ गते विहिबार दिनको २:१५ बजेभित्र बोलकबोल गरेका ट्रेजरी बिल्सको सक्कलै प्रति यस बैंकमा बिक्रीका लागि दाखिला गर्नुपर्ने छ र तोकिएको समय सीमाभित्र यस्ता ट्रेजरी बिल्स दाखिला नगर्ने काउण्टरपार्टीलाई बोल मूल्यको २.५० प्रतिशतका दरले हर्जाना सहित आगामी ६ महिनासम्म खुला बजार तथा ब्याजदर कोरिडोरसम्बन्धी कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाउन सकिने छ ।

७. बोलकबोलको बाँडफाँडमा Cut-Off Rate लगाउने, पूर्ण वा आंशिक बोलकबोल आव्हान रकम स्वीकार वा अस्वीकार गर्ने लगायतका अधिकार समितिमा निहित रहनेछ ।

विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४४१९८०५ Ext: ८३४ वा ८३६ मा सम्पर्क गर्न सकिनेछ ।

मिति २०७८ मंसिर २२ गते